# स्थानीय राजपत्र

सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित

खण्ड .....) सैनामैना नगरपालिका, ... पौष २०७७ साल (संख्या ...

## भाग–२

## सैनामैना नगरपालिका, रूपन्देही

# कार्यविधिको नाम: सैनामैना नगरपालिका नमूनावस्ति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

**प्रस्तावना:**

नेपालको संविधानको, २०७२ धारा ३७ को उपधारा १ अनुसार प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक सुनिश्चितता गर्न बाञ्छनिय भएकाले सैनामैना नगर कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन,

२०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम सैनामैना नगरपालिका नमूनावस्ति सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा:** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,-

(क) "कार्यविधि" भन्नाले सैनामैना नगरपालिका नमूनावस्ति सन्चालन तथा व्यवस्थापन कार्यविधी, २०७८ लाई सम्झनु पर्दछ ।

(ख) "नगर कार्यपालिका" भन्नाले सैनामैना नगरकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले सैनामैना नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "वडा" भन्नाले सैनामैना नगरपालिकाका सवै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ

(घ) "नमूनावस्ति " भन्नाले सैनामैना नगरपालिकाबाट सैनामैना नगरपालिकाकाका विपन्न घरजग्गा विहिन परिवारलाई उपयुक्त आवास उपलब्ध गराउन निर्माण गरिएको एकिकृत वस्तिलाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख" भन्नाले सैनामैना नगर कार्यपालिकाका नगर प्रमूख सम्झनु पर्दछ ।

(झ) "उप-प्रमुख" भन्नाले सैनामैना नगर कार्यपालिकाका नगर उप-प्रमूख सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सैनामैना नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

३. **नमूनावस्ति निर्माण:** (१) नगरपालिकामा विभिन्न कारणले आवास विहिन भएका नगरपालिकाका भित्रका विपन्न घर जग्गा विहिन भएका परिवारलाई आवास उपलब्ध गराउनका लागि नगर कार्यपालिकाले तोकेको क्षेत्रमा भौतिक पुर्वाधारसहित एकिकृत वस्ति निर्माण गरिने छ ।

(२) एकिकृत नमुनावस्ती तयार गर्दा नगरपालिकाले आवासको लागि उपयुक्त स्थानमा सिमा तोकि वस्तिलाई सुरक्षित हुने गरि भौतिक पुर्वाधार तयार गरी उक्त क्षेत्र भित्र परिवार वसोवासका लागि आवश्यक पर्ने घर,सौचालय, पार्किङ्ग र खुलाक्षेत्र समेत निर्माण गर्ने छ ।

४. **नमुना वस्ति सन्चालन तथा निर्देशन समिति:** (१) नमुना वस्तिमा निर्माण भएका घरहरु तोकिएको मापदण्ड अनुसार उपलब्ध गराउन सिफारिस गर्ने तथा सो वस्तिको सन्चालन, व्यवस्थापन र निर्देशन गर्न देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) नगर प्रमुख - संयोजक

(ख) प्रमूख प्रशासकीय अधिकृत - सदस्य

(ग) पूर्वाधार विकास समितिको सयोजन -सदस्य

(घ) नमुना वस्ति रहेको वडाको वडा अध्यक्ष -सदश्य

(ङ) नगर प्रमुखले तोकेको नमुना वस्तिमा वसोवास गर्ने एकजना - सदस्य

(च) पूर्वाधार शाखाको शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ:

(क) नमुना वस्तिकोलागि आवश्यक भौतिक संरचनाका निर्माणको लागि सिफारिस गर्ने ।

(ख) योजना तयार गर्ने गर्ने र स्रोतको लागि पहल गर्ने।

(ग) नियम (५) अनुसारको मापडण्ड पुरा भएका परिवारलाई आवास उपलब्ध गराउन नगर कार्यपालिकालाई सिफारिस गर्ने ।

५. **नमुना वस्ती अनुगमन तथा व्यवस्थापन समितिः** नमुना वस्तीको अनुगमन तथा व्यवस्थापनको लागि तपशिलको समिति रहने छ।

(क) नगर उप प्रमुख -संयोजक
(ख) पूर्वाधारशाखाको शाखा प्रमुख -सदस्य
(ग) राजश्व शाखा प्रमुख - सदस्य सचिव

६. **नमुना वस्तिमा आवास उपलब्ध गराउने आधारः** (१) नगरपालिकाबाट निर्माणा गरी सन्चालमा रहने नमुना वस्तिको लागि देहायको मापदण्ड भएको परिवारलाई नमुना वस्तिमा आवास उपलब्ध गारउनु पर्नेछ ।

(क) हाल सैनामैना नगरपालिका भित्र वसोवास गरेको ।

(ख) परिवारको नाममा जग्गा जमिन नभएको भएको भएता पनि घर आवास वनाउन उपयुक्त नभएको वा घर निर्माण गरी वस्न सक्ने आर्थिक अवस्था नभएको ।

(ग) परिवारको कुनै सदस्यको सरकारी गैर सरकारी क्षेत्रमा कार्यरत नभएको ।

(घ) परिवारको कुनै सदश्य रोजगारीका लागि वैदेशिक रोजगारीमा नगएको वा गएको भएता पनि निजले घरवास तयार गर्न सक्ने अवस्था नभएको ।

(ङ) उक्त परिवारले आगामी ५ वर्ष भित्र घर निर्माण गर्न सक्ने आधार नभएको ।

(च) विपन्न परिवार आर्थिक अवस्था अति कमजोर भएको ।

(छ) नगरपिलका भित्र सन्चालित आयोजनाबाट पूर्ण रुपमा विस्तापित भएको परिवार ।

(च) परिवार भित्र सन्चो नहुने रोगको कारणवाट आर्थिक विपन्नता भएको परिवार ।

(२) नियम (१) वमोजिमको मापदण्ड पुरा भई नमुना वस्ति सन्चालन तथा व्यवस्थापन समितिले सिफारिस गरेको परिवारलाई नगर कार्यपालिकाको निर्णय अनुसार एक परिवारको लागि एक घर उपलब्ध गारईने छ ।

७. नमुना वस्तिमा आवासको लागि भवन प्राप्त गर्ने परिवार लाई देहाय अनुसारका सर्तमा आवास सम्झौता तयार गरी वढिमा ५ वर्षका लागि एक परिवार एक भवन उपलब्ध गराउनु पर्ने छ। आवश्यकता अनुसार अवस्था हेरी कार्यपालिकाले समयावधि थप गर्न सक्नेछ ।

(क) वस्ति भित्र प्रयोग हुने पानी, विजुली, सरसफाई शुल्क लगायतका परिवारले प्रयोग गरेको सेवा वापतको शुल्क सम्वन्धित परिवारले तिर्नु पर्नेछ ।

(ख) भवनकोसामान्य रङ्ग रोगन तथा मर्मत उक्त घरमा वस्ने परिवारले गर्नु पर्नेछ ।

(ग) भवन उपलब्ध गराउदा पहिलो पटक वार्षिक रु२०००। दस्तुर लिई दिनु पर्नेछ । वार्षिक रुपमा रु.१२०० नगरपालिकालाई कर तिर्नु पर्नेछ ।

(घ) नमुना वस्ति भित्रका वाटो नालि खुलाक्षेत्र लगायतका भौतिक संरचनाको रेखदेख गर्ने जिम्मा वस्ति भित्र रहेका सवै परिवारको हुनेछ भने मर्मत सम्भार वा थप भौतिक संरचना निर्माण गर्नु पर्ने अवस्था आएमा नगरपालिकाले भौतिक संरचनाको निर्माण तथा मर्मत संभार गर्नु पर्नेछ ।

**(ङ)** नमुना वस्तिमा वसोवास गरेको परिवारले वस्तिभित्र होहल्ला गर्ने नियमित मादक पदार्थ सेवन गर्ने गरेको पाईएमा समितिको सिफारिसमा उत्त परिवारलाई वस्तिबाट हटाउन सकिने छ ।

**(च)** नमुना वस्तिमा वसोवास गरेको परिवारले अन्यत्र घर निर्माण गरेमा निजलाई उक्त वस्तिको भवनबाट हटाईने छ।

८. **नगर कार्यपालिकाल बाधा अड्काउ फुकाउः**यो कार्यबिधि कार्यान्वयनको सम्वन्धमा कुनै बाधा अड्काउ परेमा ञञयसकार्यबिधिको मूलमर्म प्रतिकूल नहुने गरि नगरकार्यपालिकालेत्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

प्रमाणीकरण मितिः

आज्ञाले

**भीम प्रसाद तिवारी**
प्रमुख प्रशासकीय अधिकृत